
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (प्रदेश नं. २)

## वार्षिक प्रतिवेदन

## (आ.व.२०७७/७८)




**नेपाल राष्ट्र बैंक**

**जनकपुर कार्यालय**

**भूमिका**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप यस बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार प्रदेश नं. २ को ८ वटा जिल्लाहरु (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) को समग्र आर्थिक तथा वित्तीय अवस्थाको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रदेश नं. २ का ८ वटै जिल्लाहरुको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा तथ्याङ्क संकलन तथा प्रशोधन गरी यो वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरुलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषणसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य समेत चित्रण गरिएको छ ।

**"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा आए पश्चात् प्रदेश नं. २ का ८ वटै जिल्लाहरुको वार्षिक तथ्याङ्कलाई आधार मानी तयार गरिएको यो अध्ययन प्रतिवेदनले नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरुलाई प्रादेशिक आर्थिक अवस्था लगायत विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**निर्देशक**
**नेपाल राष्ट्र बैंक**
**जनकपुर कार्यालय**

## विषय सूची


| | पेज नं. |
|---|---|
| **भूमिका** | **i** |
| **विषय सूची** | **ii** |
| **कार्यकारी सारांश** | **१** |
| **परिच्छेद : १ कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | **२-६** |
| १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | २ |
| १.२ अन्तरप्रदेश तुलना | २ |
| १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ५-६ |
| **परिच्छेद : २ कृषि क्षेत्र** | **७-१४** |
| २.१ कृषि उपजले ढाकेको भू–क्षेत्र | ७ |
| २.२ कृषि उत्पादन | ८ |
| २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १० |
| २.४ सिँचाइ तथा मौसम | ११ |
| २.५ क्षेत्रगत कृषि कर्जा | १२ |
| २.६ सहुलियतपूर्ण कर्जा | १२ |
| २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १२-१३ |
| **परिच्छेद : ३ उद्योग क्षेत्र** | **१४-१८** |
| ३.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन | १४ |
| ३.२ समग्र औद्योगिक कर्जा स्थिति | १५ |
| ३.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति | १५ |
| ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १८-१८ |
| **परिच्छेद : ४ सेवा क्षेत्र** | **१९-२७** |
| ४.१ पर्यटन | १९ |
| ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| ४.३ वित्तीय सेवा | २१ |
| ४.४ यातायात तथा संचार | २२ |
| ४.५ शिक्षा तथा स्वास्थ्य क्षेत्र | २३ |
| ४.६ सेवा क्षेत्र कर्जा | २४ |
| ४.७ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार र वित्तीय सेवाको अवस्था | २४ |
| ४.८ सहकारी क्षेत्र | २५ |
| ४.९ सेवा क्षेत्रका चुनौती र सम्भावनाहरु | २७ |

**परिच्छेद : ५ पूर्वाधार र रोजगारी** **२८-३१**
५.१ पूर्वाधार क्षेत्र २८
५.२ वैदेशिक रोजगारी २९
५.३ आन्तरिक रोजगारी ३०
५.४ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३०-३१
**परिच्छेदः ६ आर्थिक परिदृश्य** **३२**
६.१ कृषि उत्पादन ३२
६.२ औद्योगिक उत्पादन ३२
६.३ सेवा क्षेत्र ३२
६.४ पूर्वाधार क्षेत्र ३२

# कार्यकारी सारांश

प्रदेश नं. २ का ८ वटा जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ।

**कृषि**

१. समीक्षा वर्षमा प्रदेश नं. २ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.११ प्रतिशत, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ५.१४ प्रतिशत र फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ५.०२ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १.२० प्रतिशत, तरकारी तथा बागवानी उत्पादन ०.५९ प्रतिशत र फलफूल तथा मसला उत्पादन १४.५१ प्रतिशतले वृद्धि भएको छ।

३. समीक्षा वर्षमा पशुजन्य उत्पादनतर्फ दूध उत्पादन २.८८ प्रतिशत, मासु उत्पादन ५.३३ प्रतिशत, अण्डा उत्पादन १.९३ प्रतिशत र माछा उत्पादन ४.१७ प्रतिशतले वृद्धि भएको छ।

४. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.४४ अर्ब २८ करोड १६ लाख कर्जा प्रवाह भएको छ।

**उद्योग**

५. समीक्षा वर्षमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको क्षमता उपयोग औसतमा ५२.४७ प्रतिशत रहेको छ।

६. समीक्षा वर्षमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक कर्जा अन्तर्गत रु.१ खर्ब ५ अर्ब २३ करोड ६३ लाख कर्जा प्रवाह गरेका छन्।

**सेवा**

७. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेसन संख्यामा ५४.११ प्रतिशतले कमी बढेको छ र घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्व ७९.८८ प्रतिशतले वृद्धि भएको छ।

८. २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट परिचालन गरेको निक्षेप ३०.२७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ५१ करोड ४७ लाख पुगेको छ भने कर्जा प्रवाह २९.३४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६८ अर्ब ५३ करोड ७९ लाख पुगेको छ।

९. यस प्रदेशबाट परिचालित कुल निक्षेपमा पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २५.१६ प्रतिशत र रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ७.१५ प्रतिशत रहेको छ। त्यसैगरी, कुल कर्जा प्रवाहतर्फ पर्सा जिल्लाको अंश सबैभन्दा बढी ३७ प्रतिशत र सप्तरी जिल्लाको सबैभन्दा कम ५.२३ प्रतिशत रहेको छ। यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाको कर्जा-निक्षेप अनुपात औसतमा १४८.२९ प्रतिशत रहेको छ

# परिच्छेद-१
# प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ।

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा


केन्द्रीय तथ्याङ्क बिभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. २ को आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५ खर्ब ६१ अर्ब पुगेको अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३८.३ प्रतिशत, ११.५ प्रतिशत र ५०.२ प्रतिशत रहेको छ। विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा प्रदेश नं. २ को अंश क्रमशः १९.९० प्रतिशत, ११.७७ प्रतिशत र ११.०१ प्रतिशत रहेको छ।

## १.२ अन्तरप्रदेश तुलना

### १.२.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४२ खर्ब ६६ अर्ब ३२ करोड मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३७.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४ प्रतिशत तथा प्रदेश नं. २ को हिस्सा १३.२ प्रतिशत रहेको अनुमान छ (चार्ट १.१)। गत आर्थिक वर्ष २०७६/७७ को तुलनामा समीक्षा वर्षको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको अंश बढेकोमा कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशको अंशमा सीमान्त ह्रास आएको अनुमान छ।

चार्ट १.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)





(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

### १.२.२ आधारभूत मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)

गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बढेको छ। गत आर्थिक वर्षमा कर्णाली प्रदेश र सुदूरपश्चिम बाहेक सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ऋणात्मक रहेको थियो। प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बागमती प्रदेशमा ४.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रदेश नं. २ मा ३.५२ प्रतिशत रहेको छ।

**चार्ट १.२ आधारभूत मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)**




(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग)

### १.२.३ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)

आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी प्रदेश नं. २ मा ३८.३ प्रतिशत रहने अनुमान छ (तालिका १.१)। त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १७.५ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७७.४ प्रतिशत रहेको छ। उद्योग क्षेत्रमा प्रदेश नं. २ को हिस्सा क्रमशः ११.५ प्रतिशत रहेको छ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा ११.८ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, उद्योग क्षेत्रको योगदान सबैभन्दा कम कर्णाली प्रदेशको १०.७ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान प्रदेश नं. १ को ४८.६ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रदेश नं. २ को हिस्सा ५०.२ प्रतिशत रहेको छ।

तालिका १.१ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

| | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३ | ३५.५ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ |
| उद्योग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ |


(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)

### १.२.४ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान

आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेश नं. १ को सबैभन्दा बढी हिस्सा २१.५ प्रतिशत रहने अनुमान रहेको छ (चार्ट १.३) । त्यसैगरी, मुलुकको उद्योग क्षेत्रमा सबैभन्दा बढी हिस्सा बागमती प्रदेशको ३०.५ प्रतिशत र सेवा क्षेत्रमा पनि बागमती प्रदेशको सबैभन्दा बढी हिस्सा ४६.७ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ ।

त्यसैगरी, मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशको ५.२ प्रतिशत, उद्योग क्षेत्रको समग्र उत्पादनमा सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.३ प्रतिशत र मुलुकको सेवा क्षेत्रमा सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.७५ प्रतिशत रहने अनुमान रहेको छ ।

चार्ट १.३ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (प्रतिशतमा)




(स्रोत केन्द्रीय तथ्याङ्क विभाग)

### १.२.५ वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

संकलित कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६७.७ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ (तालिका १.२) । कुल निक्षेप परिचालनमा प्रदेश नं. २ को योगदान ५.२ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५६.४

प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा प्रदेश नं. २ को अंश ८.८ प्रतिशत रहेको छ ।

कुल कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्स/अंश ३६.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.४ प्रतिशत रहेको छ । प्रदेश नं. २ मा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १६ प्रतिशत रहेको छ । त्यसैगरी मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ३९.५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा २.९ प्रतिशत रहेको छ । प्रदेश नं. २ मा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता ९.६ प्रतिशत रहेका छन् ।

प्रति शाखा बैंकिङ्ग सेवा लिने सबैभन्दा कम जनसंख्या गण्डकी प्रदेशमा १ हजार ८ सय ५१ जना रहेका छन् भने सबैभन्दा बढी प्रति शाखा बैंकिङ्ग सेवा लिने कर्णाली प्रदेशमा ४ हजार ४ सय ५७ जना रहेका छन् । प्रदेश २ मा यस्तो संख्या ३ हजार ९ सय ५२ रहेका छन् ।

**तालिका १.२ वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (प्रतिशतमा) | ७.३ | ५.२ | ६७.७ | ७.८ | ८.५ | १.२ | २.३ |
| कुल कर्जामा अंश (प्रतिशतमा) | ११.५ | ८.८ | ५६.४ | ७.६ | ११.४ | १.२ | ३.१ |
| प्राथमिकता प्राप्त कर्जाको अंश (प्रतिशतमा) | १२.२ | १०.५ | ५२.६ | ७.३ | १२.५ | १.१ | ३.८ |
| कृषि कर्जाको अंश (प्रतिशतमा) | १६.८ | १६ | ३६.२ | ९.५ | १५.७ | १.४ | ४.४ |
| सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशतमा) | १७.७ | ९.३ | ३५.७ | १५.२ | १५.७ | १.५ | ५ |
| पुनरकर्जाको अंश (प्रतिशतमा) | ९.९ | ७.१ | ५२ | ११.४ | १३.४ | १.९ | ४.३ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता (प्रतिशतमा) | १३.७ | ९.६ | ३९.५ | ११.५ | १६.२ | २.९ | ६.५ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता (प्रतिशतमा) | ८ | ७.६० | ६८.६ | ६.६ | ६.९० | ०.६ | १.७ |
| प्रतिशाखा जनसंख्या (क,ख,ग र घ) | २,९११.०० | ३,९५२.०० | २,३९१.०० | १,८५१.०० | २,४९१.०० | ४,४५७.०० | ३,८२६.०० |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :-

### १.३.१ प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेश समतल भू-भागमा रहेकाले विभिन्न किसिमका आर्थिक क्रियाकलाप सञ्चालन गर्न सहज भएकोले यस्तो आथिक क्रियाकलापहरु वृद्धि गर्न सके समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावना रहेको छ ।
- कृषियोग्य भूमिको उपलब्धता, यातायात लगायतका पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता तथा वैदेशिक व्यापारको लागि प्रस्थान विन्दु समेत भएको कारणले यस प्रदेशमा कृषिका अतिरिक्त औद्योगिक क्षेत्र विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।

- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरु स्थापना गरी उत्पादित वस्तु तथा सेवा भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज छ ।
- यस प्रदेशमा प्रसिद्ध जानकी मन्दीर तथा अन्य प्रदेशको तुलनामा पौराणिक महत्वका ताल तलैयाहरु प्रशस्त रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।
- नेपालमा जल मनोरञ्जनका श्रोतहरु कम भएको सन्दर्भमा यस प्रदेशका जनकपुरधाम क्षेत्रमा धेरै संख्यामा रहेका पोखरीहरुको सरसफाई तथा सडक पूर्वाधार सुधार गरी गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी मनोरञ्जनात्मक क्रियाकलापमा वृद्धि गर्न सके यो प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।
- ठूलो जलाशय रहेको सप्तकोशी नदी यस प्रदेशको सीमा नदीको रुपमा रहेकोले जल मनोरञ्जन गर्न रुचाउने पर्यटकको लागि अवसरको रुपमा रहेको, नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना भएको तथा माछा पालनको लागि प्रख्यात रहेको यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलाप समेत वृद्धि गर्न सकिने देखिएको हुँदा स्तरीय होटल तथा लजको व्यवस्था हुन सकेमा अन्य प्रदेशको तुलनामा पर्यटकीय दृष्टिले पछाडि रहेको यस प्रदेशमा पर्यटकीय क्रियाकलापमा समेत अभिवृद्धि गर्न सक्ने सम्भावना देखिन्छ ।

### १.३.२ प्रादेशिक चुनौती

- शहरी क्षेत्रमा व्याप्त फोहोर तथा धुलाम्य सडकबाट सृजित वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै यो प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नु,
- यस प्रदेशको शैक्षिक गुणस्तरमा वृद्धि गर्दै जनकपुर र वीरगंज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हबको रुपमा विकास गर्नु,
- धेरै अगाडिदेखि माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरु तथा यस प्रदेशको अन्य स्थानहरुको माछा उत्पादन क्षमता अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्नु,
- भौगोलिक दृष्टिले सुगम रहेको यस प्रदेशको तुलनात्मक लाभ लिँदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको औद्योगिक योगदान वृद्धि गर्नु,
- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु,
- कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सहज आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरुलाई आकर्षित गर्नु ।
- मुलुकको सबै क्षेत्रमा पुग्न सहज यातायात सञ्जालको लाभ लिँदै आर्थिक क्रियाकलापमा वृद्धि गरी प्रदेशलाई आर्थिक रुपले समृद्ध बनाउनु ।

# परिच्छेदः २
# कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफल ०.७६ प्रतिशतले वृद्धि भई ९ लाख ९० हजार २ सय ९३ हेक्टर पुगेको छ । गत आर्थिक वर्ष उक्त भू-क्षेत्रफलमा ०.७६ प्रतिशतले कमी आई ९ लाख ८२ हजार ८ सय ३२ हेक्टर पुगेको थियो ।

### २.१.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल १.२४ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल १.३५ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ०.०२ प्रतिशत, सनपाट बालीले ढाकेको क्षेत्रफल ४.१२ प्रतिशत, उखु बालीले ढाकेको क्षेत्रफल १.४७ प्रतिशत र सुर्ती बालीले ढाकेको क्षेत्रफलमा ०.८९ प्रतिशतले वृद्धि भएको छ भने कोदो बालीले ढाकेको क्षेत्रफल २.५९ प्रतिशत, जौं बालीले ढाकेको क्षेत्रफल ०.०५ प्रतिशत, आलु बालीले ढाकेको क्षेत्रफल ०.०६ प्रतिशत, दलहन बालीले ढाकेको क्षेत्रफल ४.२८ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ०.३० प्रतिशतले घटेको छ । खाद्य तथा अन्न वालीले ढाकेको क्षेत्रको जिल्लागत हिस्सा तालिका २.१ मा दिइएको छ ।

**चार्ट २.१ खाद्य तथा अन्य वालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




(स्रोतः कृषि ज्ञान केन्द्रहरु)

### २.१.२ तरकारी तथा बागवानी

समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा करिब ५.१४ प्रतिशतले वृद्धि भई ८१ हजार १ सय ९१ हेक्टर पुगेको छ । गत वर्ष उक्त क्षेत्रफल ८.०१ प्रतिशतले वृद्धि भएको थियो ।

### २.१.३ फलफूल तथा मसला

समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ५.०२ प्रतिशतले वृद्धि भई ५४ हजार ३ सय ३२ हेक्टर पुगेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ६.२३ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवनी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवनी | फलफुल तथा मसला |
| पर्सा | ८३,७८४.०४ | ४,३०० | १,१४६ | ९.८० | ५.३० | २.१५ |
| बारा | १३,१८२१.८३ | ११,७७५ | ३,७५५ | १५.४२ | १४.५१ | ७.०३ |
| रौतहट | १३,०५३५.८८ | ९,२२५ | ९,९२० | १५.२७ | ११.३६ | १६.८५ |
| सर्लाही | १२,२१११.५७ | १,२२४१ | २,३५१ | १४.२९ | १५.०८ | ४.४० |
| महोत्तरी | ९२,२०८.०८ | १,७५०० | ४,९७७ | १०.७९ | २१.५५ | ९.३२ |
| धनुषा | ११,१५१९.३२ | ८,२०० | ३,९२२ | १३.०४ | १०.१० | ७.३४ |
| सिराह | ९६,३७३.८५ | ७,५६५ | ९,३३५ | ११.२७ | ९.३२ | १७.४८ |
| सप्तरी | ८६,४१५.९३ | १,०३८५ | १,८९२६ | १०.११ | १२.७९ | ३५.४३ |
| जम्मा | **८,५४,७७०.५०** | **८,११९१.००** | **५४,३३२.००** | **१००** | **१००** | **१००** |


(स्रोत:- कृषि ज्ञान केन्द्रहरु)

## २.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.०५ प्रतिशतले वृद्धि भई ६३ लाख ४६ हजार ८ सय २७ मे.टन पुगेको छ । गत वर्ष समग्र कृषि बालीको उत्पादनमा ७.११ प्रतिशतले कमी आएको थियो ।

### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा धान बालीको उत्पादन ०.८७ प्रतिशत, मकै उत्पादन ५.५० प्रतिशत, आलुको उत्पादन २.०१ प्रतिशत, उखु उत्पादन २.५४ प्रतिशत, सनपाट उत्पादन ३.६२ प्रतिशत, सुर्ति उत्पादन ५.४३ प्रतिशत, दलहन उत्पादन ९.१४ प्रतिशत र तेलहन उत्पादन २.०७ प्रतिशतले वृद्धि भएको छ । सोही वर्षमा गहुँ उत्पादन ५.४३ प्रतिशत, कोदो उत्पादन ०.६४ प्रतिशत, जौं उत्पादन ०.०६ प्रतिशतले कमी आएको छ । गत वर्ष मकै उत्पादन १६.८४ प्रतिशत, गहुँ उत्पादन ५.६८ प्रतिशत, कोदो उत्पादन ७.४६ प्रतिशत, जौं उत्पादन १३.०९ प्रतिशत, आलु उत्पादन १.९२ प्रतिशत, सनपाट उत्पादन ३.९७ प्रतिशत, दलहन उत्पादन १.७४ प्रतिशत र तेलहन उत्पादन ३७.०२ प्रतिशतले वृद्धि भएको थियो भने धान उत्पादन ४.९९ प्रतिशत, उखु उत्पादन २६.३० प्रतिशत र सुर्ती उत्पादन १.१० प्रतिशतले कमी आएको थियो । खाद्य तथा अन्य बाली उत्पादनमा सबैभन्दा बढी हिस्सा बारा जिल्लाको १३.६२ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा पर्सा जिल्लाको ८.९१ प्रतिशत रहेको छ (तालिका २.२)।




(स्रोत:- कृषि ज्ञान केन्द्रहरु)

### २.२.२ तरकारी तथा बागवानी

समीक्षा वर्षमा तरकारीको उत्पादन ०.५९ प्रतिशतले वृद्धि भई १० लाख ७४ हजार ७ सय ४४ मेट्रिक टन पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो उत्पादन १४.५८ प्रतिशतले वृद्धि भएको थियो । कुल तरकारी उत्पादनमा सबैभन्दा बढी हिस्सा महोत्तरी जिल्लाको २७.६८ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा पर्सा जिल्लाको ६.५९ प्रतिशत रहेको छ (तालिका २.२) ।

**तालिका २.२: कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवनी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवनी | फलफुल तथा मसला |
| पर्सा | ४,२४,५३८.८१ | ७०,८००.०० | ४,३६४.०० | ८.९१ | ६.५९ | ०.८७ |
| बारा | ६,४८,६८८.६१ | १,१७,६१२.५० | ५८,४८०.०० | १३.६२ | १०.९४ | ११.७५ |
| रौतहट | ७,१५,८६७.४८ | १,०९,९१०.०० | १,०७,३६०.०० | १५.०३ | १०.२३ | १९.२४ |
| सर्लाही | ११,०९,५५८.१५ | १७,२३२४.०० | २५,१३६.०० | २३.२९ | १६.०३ | ५.०५ |
| महोत्तरी | ५,२५,३७१.६७ | २,९७,५००.०० | ३१,४९१.०० | ११.०३ | २७.६८ | ६.३३ |
| धनुषा | ५,६५,९०७.३४ | ९४,३००.०० | २०,७३०.०० | ११.८८ | ८.७७ | ४.१७ |
| सिराहा | ४,४२,०२७.७९ | ८,७६७८.०० | १,०६,९७७.०० | ९.२८ | ८.१६ | २१.४९ |
| सप्तरी | ३,३०,९३७.४६ | १,२४,६२०.०० | १,५४,६४८.०० | ६.९५ | ११.६० | ३१.०८ |
| जम्मा | ४७,६२,८९७३१ | १०,७४,७४४.५० | ५,०९,१८६.०० | १०० | १०० | १०० |

(स्रोत: कृषि ज्ञान केन्द्रहरु)

### २.२.३ फलफूल तथा मसला

समीक्षा वर्षमा फलफूल तथा मसलाको उत्पादन १४.५१ प्रतिशतले वृद्धि भई ५ लाख ९ हजार १ सय ८६ मेट्रिक टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २१.१७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा फलफूलको उत्पादन मध्ये आँप उत्पादन २६.७० प्रतिशत र केरा उत्पादन ६.४१ प्रतिशतले वृद्धि भएको छ भने अन्य फलफूल उत्पादन २.२३ प्रतिशत र मसला उत्पादन ९.४५ प्रतिशतले

कमी आएको छ । गत वर्षको तुलनामा आँपले ढाकेको क्षेत्रफलमा वृद्धि हुनुको साथै अनुकुल वातावरण (चैत, बैशाखमा हावा हुरी नआउनु) को कारण आँपको उत्पादनमा वृद्धि हुन गएको हो । फलफूल तथा मसला उत्पादनको जिल्लागत हिस्सा तालिका २.२ मा दिइएको छ ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुपंक्षी उत्पादन :

समीक्षा वर्षमा दूधको उत्पादन २.८८ प्रतिशत, मासुको उत्पादन ५.३३ प्रतिशत, अण्डाको उत्पादन १.९३ र छालाको उत्पादन २.७७ प्रतिशतले वृद्धि भएको छ भने ऊनको उत्पादनमा १.४२ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादन ३.७३ प्रतिशत, मासुको उत्पादन २५.२९ प्रतिशत, अण्डाको उत्पादन ८.२४ प्रतिशत वृद्धि भएको थियो भने ऊनको उत्पादनमा ४७.३४ प्रतिशतले ह्रास आएको थियो । पशुपंक्षी उत्पादनको जिल्लागत हिस्सा तालिका २.३ मा दिइएको छ ।

### २.३.२ माछा उत्पादन :

समीक्षा वर्षमा माछाको उत्पादन ४.१७ प्रतिशतले वृद्धि भई ३७ हजार ६ सय ३७ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १०.८४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा बारा जिल्लामा सबैभन्दा बढी २१.२६ प्रतिशत माछा उत्पादन भएको छ भने सबैभन्दा कम सिराहा जिल्लामा ७.१६ प्रतिशत उत्पादन भएको छ ।

### २.३.३ वनजन्य उत्पादन :

समीक्षा वर्षमा काठ उत्पादन ५९.७२ प्रतिशत तथा दाउरा उत्पादन १३.९७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन २९.३४ प्रतिशतले ह्रास आएको थियो भने दाउराको उत्पादन ११६.८६ प्रतिशतले वृद्धि भएको थियो ।


**तालिका २.३ प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन | | | | हिस्सा प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| पर्सा | १,१७,९२७ | ३६,४२२ | १४,९०७ | ३,३०१ | १९.३२ | २८.३० | १४.७२ | ८.७७ |
| बारा | ७३,६९२ | १२,७११ | १,८६१२ | ८,००० | १२.०७ | ९.८८ | १८.३८ | २१.२५ |
| रौतहट | ८८,११० | १४,८९० | ४,३०३ | ४,७१६ | १४.४३ | ११.५७ | ४.२५ | १२.५३ |
| सर्लाही | ८१,५६७ | १८,०२९ | ८,२९८ | ५,२९८ | १३.३६ | १४.०१ | ८.१९ | १४.०८ |
| महोत्तरी | ३७,९९८ | १७,९६६ | ९,९७६ | ४,२४२ | ६.२२ | १३.९६ | ९.८५ | ११.२७ |
| धनुषा | ३९,४७८ | ४,६४०.६० | २,५१५.५० | ६,१८५.२१ | ६४७ | ३.६१ | २.४८ | १६.४३ |
| सिराहा | १,२२,४७० | १२,८४० | ८,०८० | २,६९५ | २०.०६ | ९.९८ | ७.९८ | ७.१६ |
| सप्तरी | ४९,१९० | ११,१८० | ३४,५५४ | ३,२०० | ८.०६ | ८.६९ | ३४.१२ | ८.५० |
| जम्मा | ६,१०,४३२ | १,२८,६७८.६० | १,०१,२४५.५० | ३७,६३७.२१ | १०० | १०० | १०० | १०० |

(स्रोतः- भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु )

## २.४ सिँचाइ तथा मौसम :

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.९८ प्रतिशतले वृद्धि भई ३,०९,५९३.४० हेक्टर पुगेको छ (चार्ट २.३) । गत वर्ष सिञ्चित क्षेत्रफल ४.४८ प्रतिशतले वृद्धि भएको थियो । कुलोद्वारा सिञ्चित क्षेत्रफल २.२९ प्रतिशत, नहरद्वारा सिञ्चित क्षेत्रफल ०.३८ प्रतिशत र बोरिङद्वारा सिञ्चित क्षेत्रफल १.३६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुलोद्वारा सिञ्चित क्षेत्रफल २.५१ प्रतिशत, नहरद्वारा सिञ्चित क्षेत्रफल ६.९८ प्रतिशत र पोखरीद्वारा सिञ्चित क्षेत्रफल ०.९९ प्रतिशतले वृद्धि भएको थियो भने बोरिङ्धरा सिञ्चित क्षेत्रफल ०.१८ प्रतिशतले कमी आएको थियो ।




(स्रोतः जिल्ला स्थित जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)

## २.५. क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा ५१.९३ प्रतिशतले वृद्धि भई रु.४४ अर्ब २८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.२९ अर्ब १४ करोड रहेको थियो ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा सबैभन्दा बढी पर्सा जिल्लामा २०.०८ प्रतिशत रहेको छ भने सबैभन्दा कम सप्तरी जिल्लामा ७.७० प्रतिशत रहेको छ (तालिका २.४)।

**तालिका २.४ : जिल्लागत कृषि कर्जाको स्थिति**

| सि.नं. | जिल्ला | कृषि कर्जा (रु द्यश लाखमा) | हिस्सा -प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | ८,८९१.९५ | २०.०८ |
| २ | बारा | ५,६४४.२८ | १२.७५ |
| ३ | रौतहट | ४,२८२.३१ | ९.६७ |
| ४ | सर्लाही | ६,८१४.२२ | १५.३९ |
| ५ | महोत्तरी | ३,८८५.९१ | ८.७८ |
| ६ | धन'षा | ५,६६३.७२ | १२.७८ |
| ७ | सिराहा | ५,६९०.२२ | १२.८५ |
| ८ | सप्तरी | ३,४०९.०४ | ७.७० |
| | **जम्मा** | **४४,२८१.६५** | **१००.००** |

(स्रोतः- नेपाल राष्ट्र बैंक)

## २.६ सहुलियतपूर्ण कर्जा

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा १८१.२९ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.४ अर्ब ९९ करोड रहेको थियो । प्रवाहित कुल सहुलियतपूर्ण कर्जा मध्ये सबैभन्दा बढी २०.२३ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम ४.८९ प्रतिशत सप्तरी जिल्लामा रहेको छ।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.७.१ चुनौती

- प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न यस क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकीकरण गरी कृषि पेशालाई सामाजिक रुपमा प्रतिष्ठित बनाउनु ।
- कृषि उपजलाई मूल्य श्रृङखलामा आवद्ध गरी त्यसको लाभ प्रत्यक्ष रुपमा संलग्न तल्लो वर्गका कृषकहरुसम्म पुऱ्याउनु ।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकरात्मक असर न्यूनिकरण गर्दै प्राकृतिक प्रकोपबाट हुन सक्ने हानी नोक्सानी कम गर्ने उपायहरु विकास गर्नु ।
- अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिलाई उपयोगमा ल्याउनु ।
- कृषि क्षेत्रमा आधुनिक मेशीन तथा यन्त्रहरुको प्रयोग मार्फत व्यवसायिकीकरण गरी कृषिजन्य वस्तुरुको उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- कृषि पेशालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु ।
- कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलव्ध गराउने गरी निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु ।
- कृषिजन्य गतिविधि र पूर्वाधारमा लगानी अभिवृद्धि गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउनु ।
- कृषकहरुलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।
- प्रदेशभित्र प्रशस्त उर्वर तथा मलिलो जमिन रहेको भएतापनि ठूलो क्षेत्रफलमा बाँझो जमिन रहेकोले यस्तो जमिनलाई उपयोगमा ल्याउनु ।
- कोरोना महामारीको कारण रोजगारी गुमाई स्वदेश फर्केका युवालाई विभिन्न अनुदान र प्रोत्साहनमूलक कार्यक्रममार्फत कृषि पेशामा आकर्षित गर्नु ।

- कृषि क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत आएका अनुदानलाई लक्षित वर्गसम्म पुऱ्याउनु ।

- कृषकहरुको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।

- प्रदेशमा रहेका लाखौं हेक्टर जमिनहरुमा सिँचाईको सहज सुविधा उपलब्ध गराउनुका साथै सामूहिक खेतीमा जोड दिनु ।

- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरुमा एकीकृत रुपमा सघन कृषि कार्यक्रमहरु सञ्चालन गरी कृषिको व्यावसायीक उत्पादन मार्फत औद्योगिकीकरणको आधार खडा गर्नु ।

**२.७.२ सम्भावना**

- यस प्रदेशबाट वैदेशिक रोजगारीको लागि जाने युवाहरुको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।

- जनसंख्याको आकार ठूलो रहेकोले यस प्रदेशमा उत्पादित तरकारी, फलफूल, माछा, मासु, लगायतका कृषिजन्य वस्तुको बजार उच्च रहेको छ ।

- यस प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यसलाई कृषि उत्पादनमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।

- धान, तरकारी, माछा र फलफूलहरुको पछिल्लो समयमा विकास भएका नयाँ नयाँ जातहरुको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने सम्भावना रहेको छ ।

- प्रदेश नं. २ मा सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलब्ध रहेकोले सिँचाईको विकास र विस्तार गरी कृषि उपज बढाउन सकिने उच्च सम्भावना रहेको छ ।

- यस प्रदेशमा उर्वर तथा समथर भूमिको मात्रा बढी रहेकोले पशुपालन, माछापालन, तरकारी तथा फलफूल खेती तथा खाद्यान्न बालीको उत्पादन बढाई राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने सम्भावना रहेको छ ।

# परिच्छेद : ३
# उद्योग क्षेत्र

## ३.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन

समीक्षा वर्षमा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरुको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ५२.४७ प्रतिशत रहेको छ। गत वर्ष औसत क्षमता उपयोग ४४.९० प्रतिशत रहेको थियो। समीक्षा वर्षमा उद्योगहरुको औसत क्षमता उपयोग वृद्धि हुनुमा औद्योगिक मजदुरहरुमा कोभिड-१९ विरुद्धको खोपको उपलव्धता हुनुको साथै सुरक्षा मापदण्डहरु अपनाई उद्योगहरु सञ्चालन रहनु रहेको छ। समीक्षा वर्षमा भटमास तेल उद्योगले सबैभन्दा बढी ९५.३५ प्रतिशत क्षमता उपयोग गरेको छ भने कागज उद्योग (अखवारी कागज बाहेक) को क्षमता उपयोग सबैभन्दा कम ४.६८ प्रतिशत रहेको छ। कोभिड- १९ संक्रमणको कारण कागज उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ र कामदारको अभावको कारण क्षमता उपयोगमा कमी हुन गएको हो।

समीक्षा वर्षमा अध्ययनले समेटेको यस प्रदेशका उद्योग मध्ये बनस्पति घिउ उत्पादन १६.९५ प्रतिशत, तोरीको तेल उत्पादन १०.२४ प्रतिशत, भटमासको तेल उत्पादन २८.५४ प्रतिशत, गहुँको पिठो उत्पादन ०.९६ प्रतिशत, पशुदाना उत्पादन ३०.४३ प्रतिशत, चिनी उत्पादन ३३.५८ प्रतिशत, मदिरा उत्पादन १६.९० प्रतिशत, हल्का पेय पदार्थ २१.३८ प्रतिशत, चुरोट ०.९७ प्रतिशत, धागो उत्पादन ११३.०३ प्रतिशत, सिन्थेटिक कपडा ५२.९१ प्रतिशत, प्रशोधित छाला १२.४८ प्रतिशत, टयाबलेट उत्पादन ४४.०९ प्रतिशत, क्याप्सुल उत्पादन ४४.०४ प्रतिशत, ड्राई सिरफ उत्पादन २.९२ प्रतिशत, साबुन उत्पादन ८०.४४ प्रतिशत, सिमेन्ट उत्पादन २६.९४ प्रतिशत, फलामको छड तथा पत्ति उत्पादन २३.७६ प्रतिशत, जि.आई.तार उत्पादन ४४.०५ प्रतिशत, घरेलु धातुका सामान उत्पादन ६.०६ प्रतिशत, आल्मुनियम उत्पादन ९.६९ प्रतिशत, स्टिलजन्य उत्पादन ४.५४ प्रतिशतले वृद्धि भएको छ भने चामलको उत्पादन १७.५३ प्रतिशत, कागज (अखबारी कागज बाहेक) उत्पादन ६९.८१ प्रतिशत, प्लाष्टिक सामान उत्पादन २६.६३ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा अध्ययनले समेटेका यस प्रदेशभित्र संचालित उद्योगहरुले ५ हजार ७ सय ४५ जना नेपाली नागरिकहरु र ५ सय ७९ जना विदेशीहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छ।

**तालिका ३.१ औद्योगिक उत्पादन**

| क्र.सं. | उत्पादित बस्तुको नाम | उत्पादित परिमाण (मे.टन र लिटरमा) |
|---|---|---|
| १ | वनस्पती घिउ तथा तेल | ११५,९४७.१२ |
| २ | अन्न तथा पशु दाना | ६८,६८४.०० |
| ३ | अन्य खाद्य पदार्थ | ७३,२४१.२० |
| ४ | पेय पदार्थ | ८६,०३४.२० |
| ५ | सुर्तीजन्य वस्तु | ५,७२६.३० |
| ६ | छाला र छालाको सामान | ८२९.०० |
| ७ | कागज तथा कागजका उत्पादन | १,३१३.०० |
| ८ | अन्य रासायनिक पदार्थ | ८१,६७१.०० |
| ९ | प्लाष्टिकजन्य उत्पादन | १,४७१.०० |
| १० | फेब्रिकेटेड धातुका सामान | ३३१,०४०.३९ |
| ११ | धातुका उपकरण | ६७,९९२.७४ |
| १२ | स्टिलजन्य उत्पादन | १३२,८०५.०० |

## ३.२ समग्र औद्योगिक कर्जा स्थिति

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ११.०४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५ अर्ब २३ करोड पुगेको छ। २०७७ असार मसान्तमा यस्तो कर्जा रु.९४ अर्ब ७६ करोड रहेको थियो।

## ३.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति


२०७८ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ११.०४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५ अर्ब २३ करोड पुगेको छ। २०७७ असारमसान्तमा  यस्तो कर्जा २२.२५ प्रतिशतले वृद्धि भई रु.९४ अर्ब ७६ करोड पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जा मध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २८.८४ प्रतिशत रहेको छ। औद्योगिक कर्जा मध्ये पर्सा जिल्लामा सबैभन्दा बढी रु.६२ अर्ब ४२ करोड कर्जा लगानी भएको छ जुन कुल कर्जाको ५९.३२ प्रतिशत हुन आउछ (तालिका ३.२)। त्यसैगरी सप्तरी जिल्लामा सवैभन्दा कम रु ३ अर्ब ६ करोड (२.९१) प्रतिशत लगानी रहेको छ।

**तालिका ३.२ जिल्लागत औद्योगिक कर्जा स्थिति (दश लाखमा)**

| क्र.सं. | जिल्ला | औद्योगिक कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | ६२,४२३.०६ | ५९.३२ |
| २ | बारा | ५,६१३.०३ | ५.३३ |
| ३ | रौतहट | ४,७५७.६० | ४.५२ |
| ४ | सर्लाही | ६,०९७.४१ | ५.७९ |
| ५ | महोत्तरी | ५,७५५.७६ | ५.४७ |
| ६ | धनुषा | ११,०७०.३२ | १०.५२ |
| ७ | सिराहा | ६,४५३.८७ | ६.१३ |
| ८ | सप्तरी | ३,०६५.३२ | २.९१ |

(स्रोत:- नेपाल राष्ट्र बैंक)

कुल औद्योगिक कर्जा मध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा सबैभन्दा बढी ४९.७१ प्रतिशत र सबैभन्दा कम विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा ०.९२ प्रतिशत कर्जा प्रवाह भएको छ। त्यसै गरी कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा २४.८५ प्रतिशत, निर्माणमा १८.४९ प्रतिशत, खानी सम्बन्धी उद्योगमा ०.९२ प्रतिशत र धातुका उत्पादन, मेशिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ५.११ प्रतिशत कर्जा प्रवाह भएको छ।



चार्ट ३.१ : औद्योगिक कर्जा लगानी स्थिति (रु. दश लाखमा)

(स्रोत :- नेपाल राष्ट्र बैंक )

**बक्स १: सौर्य सिमेन्ट सञ्चालन :- एक जानकारी**

**पृष्ठभूमि**

नेपालमा सन् १९५० बाट सिमेन्ट उद्योग स्थापनाको शुरुवात भएको पाईन्छ। सो भन्दा अगाडि नेपाललाई आवश्यक पर्ने सिमेन्ट भारतबाट आयात गरिन्थ्यो । नेपालको पहिलो सिमेन्ट उद्योग सरकारी स्वामित्वमा स्थापना भएको हिमाल सिमेन्ट कम्पनी लि. (सन् १९७५) हो । हाल नेपालमा सिमेन्ट उत्पादनमा तीव्रता आएको छ। भौतिक पूर्वाधार तीव्र गतिले विकास भइरहँदा सिमेन्ट उद्योग स्थापना हुने क्रम पनि बढी रहेको छ। नेपालमा सिमेन्ट उद्योग त्यस्तो उद्योग हो जसलाई आवश्यक पर्ने ९० प्रतिशत भन्दा बढी कच्चा पदार्थ स्वदेशमा नै पाईन्छ। दशक अघिसम्म मुलुकको सिमेन्ट मागको ९० प्रतिशत आयात मार्फत पुरा हुन्थ्यो। हाल नेपाल सिमेन्टमा आत्म निर्भर भएको छ। हाल मुलुकमा करिब ६० वटा सिमेन्ट उद्योगले विभिन्न ९० वटा ब्राण्डमा सिमेन्ट उत्पादन गरिरहेका छन् । हाल नेपालको रुपन्देही, नवलपरासी, दाङ, उदयपुर, मोरङ, पर्सा जिल्लामा बढी सिमेन्ट उद्योगहरु संचालित छन ।

**सौर्य सिमेन्ट उद्योग**

यस प्रदेशमा स्थापना भएका ठूला उद्योगहरु मध्ये सिराहा जिल्लाको कर्जन्हा नगरपालिकामा स्थापना भएको अत्याधुनिक प्रविधियुक्त सौर्य सिमेन्ट उद्योग पनि एक हो। यो उद्योग वि.सं. २०७४/०६/०१ गते स्थापना भई सिमेन्ट उत्पादनको काम शुरु गरी सकेको छ। यस उद्योगले मिति २०७७/११/२१ गतदेखि क्लिङ्कर उत्पादन शुरु गऱ्यो भने मिति २०७८/०२/०६ गतेदेखि सिमेन्ट उत्पादन सुरु गरेको छ।

यसले नेपालको पूर्वी भागको ताप्लेजुङदेखि नेपालको मध्य भाग कास्कीको पोखरासम्म सिमेन्ट आपूर्ति गर्ने गर्दछ। यस उद्योगले उत्पादन गर्ने सिमेन्टको ५० प्रतिशतभन्दा बढी बजारको हिस्सा काठमाडौंमा रहेको छ।

नेपालमा प्राविधिक जनशक्तिको अभाव भएका कारण शत प्रतिशत प्राविधिक कर्मचारी भारतबाट

झिकाएको छ । सिमेन्टले १७५ जनालाई स्थायी रोजगारी दिएको छ भने ७८९ जना Outsource बाट लिएको छ ।

उद्योगमा स्वपुँजी रु.३ अर्ब र बैंक कर्जा रु.१२ अर्ब गरी जम्मा रु.१५ अर्ब लगानी रहेको छ । यस उद्योगले ओ.पि.सी, पि.पि.सी, पी.एस.सी सिमेन्ट र क्लिङकर समेत उत्पादन गर्ने मेशीनहरु प्रयोग गरी उत्पादनको काम शुरु गरेको छ । यस उद्योगको दैनिक उत्पादन क्षमता र उत्पादनको स्थिति देहाय बमोजिम रहेको छ ।

| S.N. | Product | Production Capacity (MT) | Actual Production (Mt) |
|---|---|---|---|
| 1 | Clinker | 1280 | 1088 |
| 2 | OPC Cement | 905 | 770 |
| 3 | PPC Cement | 275 | 234 |
| 4 | PSC Cement | 275 | 234 |
| Total | | 2735 | 2326 |

## ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ३.४.१ चुनौती

- कोभिड-१९ महामारीको चपेटामा परेका उद्योगहरुलाई विभिन्न राहत तथा सहुलियतपूर्ण कार्यक्रमहरु मार्फत पहिलेकै अवस्थामा फर्काउनु चुनौतीपूर्ण रहेको छ ।
- लगानी मैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका उद्योग क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नु ।
- यस क्षेत्रमा उद्योग स्थापना र संचालनको लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न बाटो घाटो, विद्युत, खानेपानी, इन्टरनेट, एकल विन्दुसेवा जस्ता औद्योगिक पूर्वाधार विकास गर्नु ।
- अन्तर्राष्ट्रिय बजारमा सहज प्रवेशको लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी उत्पादित वस्तु एवम् सेवाको गुणस्तर कायम गर्नु ।
- औद्योगिक क्षेत्रको लागि आवश्यक सीप र क्षमता भएका दक्ष जनशक्तिको विकास गरी सर्वसुलभ रुपमा श्रमिक आपूर्ति गर्नु ।
- कच्चा पदार्थ खरिद, ढुवानी लागत, श्रमशक्तिको अभावको कारणले महँगो हुने गरेको उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- पर्याप्त उर्जा आपूर्ति, कच्चा पदार्थको सहज उपलब्धता र आपूर्ति व्यवस्था, जनशक्तिको समस्या समाधान गरी प्रदेशमा रहेका उद्योगहरु पूर्ण क्षमता सञ्चालन गर्नु ।

- उद्योग क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न कानुनी, संरचनागत र प्रक्रियागत समस्याहरु समाधान गरी लगानीमैत्री वातावरण कायम गर्नु ।

- नयाँ-नयाँ औद्योगिक उत्पादन पहिचानको लागि अनुसन्धान तथा विकासमा पर्याप्त बजेट विनियोजन गर्नु ।

**३.४.२ सम्भावना**

- यस प्रदेशमा उद्योग स्थापनाको लागि उपयुक्त जग्गा जमिन पर्याप्त हुनुको साथै जनघनत्व बढी भएको कारण उद्योग स्थापना तथा सञ्चालनको पर्याप्त संभावना रहेको छ ।

- प्रदेश नं. २ कृषि क्षेत्रमा राम्रो संभावना भएको प्रदेश रहेकोले कृषिमा आधारित उद्योग स्थापना र संचालन गर्ने राम्रो संभावना रहेको छ ।

- प्रदेश नं. २ को अधिकाँश हिस्सा भारतसँग जोडिएकोले औद्योगिक बजार विस्तार गर्ने पर्याप्त सम्भावना रहेको छ ।

- पछिल्लो समयमा विद्युत उत्पादनमा भएको वृद्धिसँगै उर्जा उपलब्धताको अवस्था बढ्दै गएकोले ठुलो परिमाणमा विद्युत खपत गर्ने उद्योगहरुको लागि विद्युत महशुल कम गरी औद्योगिक उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्ने सम्भावना रहेको छ ।

- औद्योगिक सम्बन्ध क्रमश सुधार हुँदै गएकोले औद्योगिक क्षमता उपयोग क्रमश बढ्दै जाने सम्भावना रहको छ ।

- पछिल्लो समय सडक सञ्जाल राम्रोसँग विकास हुने क्रममा रहेकोले उत्पादित वस्तु सहज रुपमा बजार प्रवेश गर्न र लागत कम भई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद : ४
# सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरुलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरुको वर्तमान आर्थिक स्थिति निम्नानुसार रहेको छ ।

## ४.१ पर्यटन

प्रदेश नं. २ पर्यटकीय सम्भावना बोकेको जिल्ला हो । आन्तरिक तथा भारतवाट साँस्कृतिक तथा धार्मिक दृष्टिले यस प्रदेशको भ्रमण गर्ने गरेका छन् । जनकपुरमा अवस्थित जानकी मन्दिर, राम मन्दिर, धनुषाको धनुषाधाम, यस प्रदेशको पूर्वमा रहेको कोशीटप्पु बन्यजन्तु आरक्ष, छिन्नमस्ता, कङ्कालिनी मन्दिर(सप्तरी), राजा सलहेश (सिराहा), धनेश्वर महादेव (धनुषा) नारीवन ताल (सर्लाही), मारघर सीमसार र पटौरा महादेव (रौतहट), सिम्रौनगढ (बारा) घडीअर्वा (पर्सा), बाबाताल, उत्त्रराहिनी कमला, जलेश्वर महादेव, कारिखस्थान आदिलाई प्रदेश सरकारले पर्यटकीय गन्तव्यको रुपमा पहिचान गरेको छ ।

प्रदेश नं. २ सँस्कृति र मिथिला कलाले जति धनी छ, धार्मिक गन्तव्यका दृष्टिले पनि वैभवपूर्ण छ । भौतीक पूर्वाधारको हिसावले यो प्रदेश सुगम स्थानमा रहेको छ । राजर्षी जनकको राजधानी, रामचन्द्रको ससुराली र आदर्श नारी सीताको जन्मभूमि रहेको जनकपुरधाम हिन्दु धर्मालम्वीको विशेष आस्थाको केन्द्र पर्यटकीय नगरी मध्ये एक हो ।

आर्थिक बर्ष २०७५/७६ मा यस प्रदेशमा ३ लाख ९७ हजार ३३ भारतीय र तेस्रो देशका गरी ६ लाख ९ हजार २ सय २२ पर्यटक भित्रिएका थिए । यस प्रदेशमा ३ सय ४९ वटा पर्यटकीय स्तरका होटल एवम् लज र ७ हजार १ सय १ शैया रहेको छ । यसमा २ हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । (आर्थिक सर्वेक्षण २०७७, अर्थ मन्त्रालय प्रदेश नं. २)

प्रदेश नं. २ मा नमुना छनौट गरिएका ५ वटा पर्यटकस्तरीय होटल (होटल सितासरण (जनकपुर), होटल गौतम ( बर्दिबास), होटल दियालो (वीरगंज), होटल भिषूवा (वीरगंज) र होटल इच्छा (सीमरा) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गर्दा यस प्रदेशका पर्यटक स्तरीय होटलको वर्तमान अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

- कोभिड-१९ महामारीको कारण नेपाल भारत सीमा नाका बन्द रहेको कारण समीक्षा वर्षमा यस प्रदेशमा पर्यटक आगमनको संख्या शुन्य प्रायः रहेको ।
- महामारीको अवधिमा पर्यटकस्तरीय होटल व्यवसायको विस्तार शून्य रहेको देखिन्छ ।
- कोभिड-१९ महामारीको कारण समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजमा आवद्ध प्रत्यक्ष रोजगारीको संख्या १२.६३ प्रतिशतले कमी आएको छ ।
- छनौट गरिएका होटलहरुमा कोभिड-१९ भन्दा अगाडिको अवस्थामा नेपाली पर्यटकहरुको Occupancy ८५ प्रतिशत र बाँकी १५ प्रतिशत जति विदेशी पर्यटकहरुको रहेका थिए ।
- साउन देखि कात्तिक महिनासम्म वोलवम, विवाह पञ्चमी र छठ जस्ता पर्वहरुले गर्दा पर्यटकीय होटलहरुको Occupancy दर ८५ प्रतिशत रहेको छ भने पुस, माघ, जेठ र असार जस्ता अफ सिजनका महिनाहरुमा होटलहरुको Occupancy दर करिव ६० प्रतिशत रहेको छ ।

## ४.२. सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ५४.११ प्रतिशतले वृद्धि भई १ लाख ११ हजार १५ कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा २७.२८ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा घर जग्गा रजिष्ट्रेशन राजस्व ७९.८८ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ४० करोड पुगेको छ भने गत वर्षको सोही अवधिमा रजिष्ट्रेशन राजस्वमा ४२.६२ प्रतिशतले वृद्धि भएको थियो । घर जग्गा रजिष्ट्रेशन संख्या र  घर जग्गा रजिष्ट्रेशन राजस्वमा वृद्धि हुनको कारण गत वर्षको तुलनामा कोभिड-१९ संक्रमणको प्रभाव क्रमशः कमी हुँदै जानु रहेको छ ।

## ४.३ वित्तीय सेवा


समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु (क, ख र ग वर्ग) को यस प्रदेशमा रहेका कुल शाखा संख्या १ हजार ६ सय ७ रहेको छ (तालिका ४.१)। सञ्चालनमा रहेका शाखाहरु मध्ये वाणिज्य बैंकका ५४९, विकास बैंकका ७९, वित्त कम्पनीका २५ र लघुवित्त वित्तीय संस्थाहरुको ९ सय ५४ शाखाहरु सञ्चालनमा रहेका छन । बारा जिल्लामा सबैभन्दा बढी २३१ शाखा सञ्चालनमा रहेका छन् भने रौतहट जिल्लामा सबैभन्दा कम १६७ शाखा सञ्चालनमा रहेका छन् ।

तालिका ४.१: बैंक तथ वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति

| सि.नं. | जिल्ला | २०७८ असार मसान्तसम्म |
|---|---|---|
| १ | पर्सा | १८३ |
| २ | बारा | २३१ |
| ३ | सर्लाही | २१० |
| ४ | रौतहट | १६७ |
| ५ | महोत्तरी | १९३ |
| ६ | धनुषा | २२३ |
| ७ | सिराहा | २१८ |
| ८ | सप्तरी | १७५ |
| | **जम्मा** | **१,६०७** |

(स्रोतः- नेपाल राष्ट्र बैंक)

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३०.२७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ५१ करोड पुगेको छ (चार्ट ४.१)। गत वर्ष यस्तो निक्षेप २६.८१ प्रतिशतले वृद्धि भएको थियो ।




(स्रोतः- नेपाल राष्ट्र बैंक)

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २९.३४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६८ अर्ब ५३ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा प्रवाह २७.०७ प्रतिशतले वृद्धि भएको थियो ।

## ४.४ यातायात तथा सञ्चार

### ४.४.१ यातायातका साधन

समीक्षा वर्षमा प्रदेश नं.२ मा दर्ता भएका कुल सवारी साधनको संख्या ३१.१९ प्रतिशतले वृद्धि भई १ लाख ३८ हजार ९ सय ७२ पुगेको छ । गत वर्ष सवारी साधनको संख्या ५३.१४ प्रतिशतले वृद्धि भएको थियो । सवारी साधनहरु मध्ये मोटर साइकलको संख्या ४३.३१ प्रतिशतले वृद्धि भई १ लाख २१ हजार ४ सय २७ पुगेको छ भने अन्य यातायात साधनको संख्या १७ हजार ५ सय ४५ पुगेको छ ।

### ४.४.२ सञ्चार साधन

समीक्षा वर्षमा कुल वितरित टेलिफोन संख्या १.१५ प्रतिशतले वृद्धि भई २१ लाख ४१ हजार ६ सय ६० पुगेको छ । गत वर्ष वितरित टेलिफोन संख्या १.३३ प्रतिशतले वृद्धि भई २१ लाख १७ हजार ३ सय ५ पुगेको थियो ।

कुल वितरित टेलिफोन संख्या मध्ये समीक्षा वर्षमा प्रदेश नं. २ मा नेपाल टेलिकमको वितरित टेलिफोनको संख्या २.८२ प्रतिशतले वृद्धि भई ११ लाख ७५ हजार १ सय ६२ पुगेको छ । त्यसैगरी, समीक्षा वर्षमा NCELL द्वारा वितरित टेलिफोन संख्या ०.८१ प्रतिशतले कमी आई ९ लाख ६६ हजार ४ सय ९८ पुगेको छ । गतवर्षको सोही अवधिमा NCELL वितरित टेलिफोन संख्या ८.२९ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ४.२ नेपाल टेलिकम र एन-सेलद्धारा वितरित टेलिफोन संख्या**

| वितरित टेलिफोन | २०७६ असार मसान्तसम्म | २०७७ असार मसान्तसम्म | २०७८ असार मसान्तसम्म |
|---|---|---|---|
| नेपाल टेलिकम | ११,८९,६३१ | ११,४२,८८८ | ११,७५,१६२ |
| एन-सेल | ८,९९,७८५ | ९,७४,४१७ | ९,६६,४९८ |
| कुल जम्मा | २०,८९,४१६ | २१,१७,३०५ | २१,४१,६६० |

(स्रोत :- नेपल टेलिकम र NCELL का कार्यालयहरु)

समीक्षा वर्षमा नेपाल टेलिकमद्धारा वितरित फिक्स्ड्/ल्याण्ड लाईन फोनमा ७.२८ प्रतिशतले कमी आई ३९ हजार २ सय ८० रहेको छ भने जिएसएम मोवाईल (प्रि-पेड/पोष्ट-पेड/सिडिएमए) संख्या २.८७ प्रतिशतले वृद्धि भई ११ लाख १९ हजार २ सय ४२ पुगेको छ । त्यसैगरी, नेपल टेलिकमका अन्य सेवाहरुमा ३२.९५ प्रतिशतले वृद्धि भई १६ हजार ६ सय ४० पुगेको छ ।

## ४.५ शिक्षा तथा स्वास्थ्य क्षेत्र

### ४.५.१ शिक्षा क्षेत्र

समीक्षा वर्षमा सरकारी/सामुदायिक विद्यालयको संख्या (उच्च मा.वि. सहित) १.८ प्रतिशतले वृद्धि भई ३ हजार ३ सय ६५ पुगेको छ । विद्यार्थीको संख्या ५.१ प्रतिशतले वृद्धि भई ११ लाख ६१ हजार ८ सय ६७ पुगेको छ भने शिक्षक/शिक्षिकाको संख्या २.६ प्रतिशतले कमी आई १८ हजार २ सय ६८ रहेको छ ।

समीक्षा वर्षमा संस्थागत विद्यालयको संख्या (उच्च मा.वि.सहित) ०.३ प्रतिशतले कमी आई १ हजार १ सय ९९ कायम भएको छ । संस्थागत विद्यालयका विद्यार्थी संख्या ४.७ प्रतिशतले कमी आई २ लाख ८७ हजार ३ सय ५३ कायम भएको छ । संस्थागत विद्यालय शिक्षक/शिक्षिकाको संख्या ०.९ प्रतिशतले कमी आई ४ हजार ३ सय ९७ कायम भएको छ ।

समीक्षा वर्षमा प्राविधिक शिक्षालय अन्तर्गत शिक्षालय संख्या ६ प्रतिशतले वृद्धि भई १ सय २४ पुगेको छ भने विद्यार्थी कोटा संख्या ४.६ प्रतिशतले वृद्धि भई १० हजार ८ सय ६३ पुगेको छ । शिक्षक/शिक्षिका संख्या १.२ प्रतिशतले वृद्धि भई ५ सय १० पुगेको छ ।

समीक्षा वर्षमा विश्वविद्यायलमा आवद्ध भएका क्याम्पस संख्यामा कुनै परिवर्तन भएको छैन अर्थात गत वर्षकै संख्या ७२ वटा कायम रहेका छन् भने विद्यार्थीको संख्या १.३ प्रतिशतले वृद्धि भई १७ हजार ५२ पुगेको छ ।

### ४.५.२ स्वास्थ्य क्षेत्र

समीक्षा वर्षमा सरकारी अस्पतालको संख्यामा कुनै परिवर्तन भएको छैन अर्थात गत वर्षकै संख्या १५ वटा कायम रहेका छन् । अस्पतालमा कार्यरत सरकारी चिकित्सक संख्या ३.५२ प्रतिशतले कमी आई २४७ रहेको छ । त्यसैगरी सरकारी अस्पतालको शैया संख्या ८.३३ प्रतिशतले वृद्धि भई १ हजार ३ सय पुगेको छ ।

समीक्षा वर्षमा निजी अस्पतालको संख्या १९.८१ प्रतिशतले वृद्धि भई १२७ पुगेको छ । निजी अस्पतालमा कार्यरत चिकित्सक संख्या ७.६२ प्रतिशले वृद्धि भई ७ सय ९१ पुगेको छ भने निजी अस्पतालको शैया संख्या १४.६० प्रतिशतले वृद्धि भई २ हजार २ सय २९ पुगेको छ ।

## ४.६ सेवा क्षेत्र कर्जा


२०७८ असार मसान्तसम्ममा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ३०.९७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४३ अर्ब ८० करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा ३४.२७ प्रतिशतले वृद्धि भएको थियो । सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा पर्सा जिल्लाको अंश सबैभन्दा बढी २९.३९ प्रतिशत र सप्तरी जिल्लाको अंश सबैभन्दा कम ५.९४ प्रतिशत रहेको छ (तालिका ४.३)।

**तालिका ४.३ जिल्लागत सेवा क्षेत्र कर्जा**

| सि.नं. | जिल्ला | रकम (रु.१० लाखमा) | हिस्सा(प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | ६३,२९९.४८ | २९.३९ |
| २ | बारा | २१,६९२.६१ | १०.०७ |
| ३ | रौतहट | १६,४२९.१८ | ७.६३ |
| ४ | सर्लाही | २०,००९.३८ | ९.२९ |
| ५ | महोत्तरी | १७,९०८.७७ | ८.३२ |
| ६ | धनुषा | ३४,६५३.३६ | १६.०८ |
| ७ | सिराहा | २८,५७२.९७ | १३.२७ |
| ८ | सप्तरी | १२,८०३.०३ | ५.९४ |

(स्रोत:- नेपाल राष्ट्र बैंक)

२०७८ असार मसान्तसम्ममा कुल क्षेत्रगत कर्जा मध्ये थोक तथा खुद्रा बिक्रेता क्षेत्रमा सबैभन्दा बढी रु. १ खर्ब १४ अर्ब ८३ करोड (५३.२८ प्रतिशत) रहेको छ । सबैभन्दा कम पर्यटन क्षेत्रमा रु. ५ अर्ब १४ करोड (२.३९ प्रतिशत) कर्जा प्रवाह भएको छ । यसैगरी, यातायात भण्डारण र संचार क्षेत्रमा २.६१ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पति क्षेत्रमा ४.५३ प्रतिशत, अन्य क्षत्रमा ३.९३ प्रतिशत, उपभोग्य कर्जामा ६.६७ प्रतिशत अन्य सेवा क्षेत्रमा २६.५७ प्रतिशत कर्जा प्रवाह भएको छ ।





(स्रोत:- नेपाल राष्ट्र बैंक)

### बक्सः२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था

- सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा विस्तार गर्ने नेपाल राष्ट्र बैंकको नीति बमोजिम हाल प्रदेश नं. २ मा रहेका १३६ वटा स्थानीय तहमा नै वाणिज्य बैंकका शाखाहरु विस्तार भएका छन ।
- नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात प्रदेश नं. २ मा तोकिएको स्थानीय निकायमा वाणिज्य बैंकका ८२ वटा शाखाहरु विस्तार भएका छन् । विस्तारित शाखाहरु मध्ये सबैभन्दा बढी रौतहट जिल्लामा १५ वटा र सबैभन्दा कम पर्सा जिल्लामा ७ वटा शाखाहरु विस्तार भएका छन् ।
- नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात विस्तार भएका वाणिज्य बैंकका शाखाहरुमा २०७८ असार मसान्तसम्म ३६३ जना कर्मचारीहरुले रोजगार प्राप्त गरेका छन् । जिल्लागत रुपमा रौतहट जिल्लाका स्थानीय तहमा विस्तार भएका वाणिज्य बैंकका शाखामा सबैभन्दा बढी ५८ जना कर्मचारीहरुले रोजगार प्राप्त गरेका छन भने सबैभन्दा कम पर्सा जिल्लामा ३० जना कर्मचारीहरुले रोजगारी प्राप्त गरेका छन् ।
- प्रदेश नं. २ मा तोकिएका स्थानीय तहमा शाखा विस्तार गरेका वाणिज्य बैंकले २०७८ असार मसान्तसम्म रु.१५ अर्ब ५२ करोड २७ लाख कुल निक्षेप परिचालन गरेका छन भने रु.१० अर्ब ९३ करोड लाख कर्जा प्रवाह गरेका छन् ।

**चार्ट ४.३: स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था (रु. करोडमा)**




जिल्लागत रूपमा स्थानीय तहमा विस्तार भएका नयाँ शाखाहरूले परिचालन गरेको निक्षेप र प्रवाह गरेको कर्जा स्थिति चार्ट ४.३ मा दिएको छ ।

## ४.७ सहकारी क्षेत्र

यस प्रदेशमा दर्ता भएका वचत तथा ऋण सहकारी संस्था मध्ये नमुना छनौट गरिएका १० वटा ठूला वचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ।


- २०७८ असार मसान्त सम्ममा छनौटमा परेका सहकारीहरुको कुल पुँजी ३२.७२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ५३ करोड ११ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४५.१७ प्रतिशत रहेको थियो।

- २०७८ असार मसान्त सम्ममा छनौटमा परेका सहकारीहरुको कुल वचत ३३.९१ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ७० करोड २४ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २०.३० प्रतिशतले वृद्धि भएको थियो।

- २०७८ असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाह २३.५१ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ७७ करोड ३३ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा ऋण प्रवाह १६.३० प्रतिशतले वृद्धि भएको थियो।

- २०७८ असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या २७.६६ प्रतिशतले वृद्धि भई ४९ हजार ६ सय ६ पुगेको छ भने कर्मचारी संख्या १४.५५ प्रतिशतले वृद्धि भई १ सय ८९ जना पुगेको छ। गत वर्षको सोही अवधिमा सदस्य संख्या ३६.४४ प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या २८.९१ प्रतिशतले वृद्धि भएको थियो।

चार्ट ४.४ पूँजी, वचत र ऋण लगानीको अवस्था (दश लाखमा)




*स्रोत: सम्बन्धित सहकारीहरु*

## ४.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ४.९.१ चुनौती

- कोभिड-१९ महामारीका कारण अति प्रभावित पर्यटन, शिक्षा र यातायात व्यवसायलाई पुनर्जीवित गरी पूर्णरुपमा सञ्चालन गर्नुपर्ने चुनौती रहेको छ।
- मिथिला कला तथा प्रदेश नं. २ का मौलिक पहिचान भएका साँस्कृतिक क्रियाकलापहरुको संरक्षण र विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नु चुनौती रहेको छ।
- वित्तीय श्रोत तथा साधनलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि तथा उत्पादकत्व वृद्धि गर्नु।
- पर्यटन क्षेत्रको प्रवद्धन गरी स्वदेशी तथा विदेशी पर्यटकहरुको आगमनमा वृद्धि गर्नु।
- प्रदेशमा अझै पनि स्तरीय र ठुला अस्पतालहरु नरहेकोले सर्वसाधारण जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु।
- आन्तरिक तथा बाह्य पर्यटनको राम्रो सम्भावना बोकेको पर्यटकीय पूर्वधारको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु।
- स्थानीय वासिन्दाहरुमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरुको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटकीय गतिविधिलाई प्रोत्साहित गर्नु।
- सरकारी विद्यालयमा भौतिक पूर्वाधार तथा प्रोत्साहन सहितको आकर्षण बढाई विद्यालयमा उचित सिकाईको वातावरण विकास गर्नु।

### ४.९.२ सम्भावना

- यस प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले उपयुक्त र प्रख्यात रहनुका साथै यस प्रदेशको ताजा माछा लोकप्रिय रहेको सन्दर्भमा हवाई तथा स्थल यातायातको हिसाबले सुगमताको समेत लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना भएमा मत्स्य पर्यटन लगायतका पर्यटकीय गतिविधि विकास गर्न सकिने सम्भावना देखिन्छ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम संचालन गर्ने सम्भावना रहेको देखिन्छ।
- प्रदेश नं. २ मा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण तथा उचित सरसरफाई गरी बाह्य तथा आन्तरिक पर्यटकहरु आकर्षित गर्न सकिन्छ।
- प्राविधिक शिक्षा विस्तार मार्फत रोजगारीको अवसरहरु सृजना गरी प्रादेशिक विकासमा टेवा पुऱ्याउने पर्याप्त सम्भावना रहेको देखिन्छ।

- अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी यो प्रदेशलाई विविध विषयमा उच्च शिक्षाको अध्ययन केन्द्र बनाउने अवसर रहेको छ ।

- यस प्रदेशमा वित्तीय पहुँच कमजोर रहेकोले वित्तीय चेतना अभिवृद्धि गरी थप वित्तीय साधन परिचालन गर्न सकिने संभावना रहेको छ ।

# परिच्छेद : ५
# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

यस प्रदेशमा जयनगर-वर्दिवास रेलमार्ग, सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय अयोजना, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग जस्ता ठूला पूर्वाधारका आयोजना निर्माणको क्रममा रहेका छन । यी आयोजनाहरुको स्थिति संक्षिप्त रुपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१.१ अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजनाहरू :-

- **जयनगर-जनकपुर-बर्दिवास रेलमार्ग**
  जयनगर जनकपुर रेलमार्गको कुल लम्वाई ६९ कि.मि. रहेको छ । भारतको जयनगरदेखि धनुषा जिल्लाको कुर्थासम्म ३५ कि.मी. रेल चल्न मिल्ने गरी तयारी अवस्थामा रहेको यो रेलमार्गको निर्माण कार्य सम्पन्न भई सकेको छ ।  कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको साथ काम भइरहेको छ । भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको छ ।

- **सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना**
  सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजनाको प्रारम्भिक र विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भै निर्माण कार्य समेत प्रारम्भ भईसकेको छ । आ.व. २०७३/७४ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजना अन्तर्गत सिन्धुलीतर्फको डुवान क्षेत्रका लागि जग्गा प्राप्ति सम्बन्धी कार्य सम्पन्न भएको छ भने रामेछाप जिल्लातर्फको जग्गा मुआब्जा/क्षतिपूर्तिको मूल्याङ्कनको कार्य भइरहेको छ । टनेल र सोसँग सम्बन्धित अन्य संरचना निर्माणको लागि ठेक्का सम्झौता भएको छ । यो आयोजनाबाट मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.६७ अर्ब ४९ करोड ४ लाख रहेको छ । यस आयोजनाबाट ४० मेगावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । (स्रोत: जलस्रोत तथा सिंचाई बार्षिक पुस्तिका २०७६/७७) ।

- **निजगढ अन्तर्राष्ट्रिय विमानस्थल**
  आ.व. २०७१/७२ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । हाल पूर्व तयारीका कामहरु चालु रहेकोले आयोजनाको मुख्य निर्माण कार्य शुरु हुन सकेको छैन । हालसम्म आयोजनाको भौतिक प्रगति १० प्रतिशत र वित्तीय प्रगति ८ प्रतिशत पुरा भएको छ । यस आयोजनाको प्रमुख लक्ष्य बारा जिल्लाको निजगढमा सुविधासम्पन्न 4F स्तरको वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने रहेको छ ।  (स्रोत: नेपाल सरकार, राष्ट्रिय योजना आयोग) ।

- **हुलाकी राजमार्ग**
  आ.व. २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत रु.६५ अर्ब २० करोड रहेको छ । हालसम्मको भौतीक प्रगति ५५ प्रतिशत र वित्तीय प्रगति ५४.३ प्रतिशत

रहेको छ । हालसम्ममा कुल १,७९२ कि.मि. मध्ये ५१२ कि.मि. कालोपत्रे र २८८ कि.मि. ग्राभेल सडक खण्ड सम्पन्न भएको छ । कुल २१९ पुल मध्ये ९६ वटा पुल सम्पन्न भएका छन् । निर्माण हुन बाँकी ५४४ कि.मि मध्ये ३८६ कि.मि. को ठेक्का सम्झौता भएको छ । (स्रोत: नेपाल सरकार राष्ट्रिय योजना आयोग) ।

- **काठमाडौं-तराई मधेश द्रुतमार्ग**

  काठमाडौं-तराई मधेश द्रुतमार्गको लम्बाई ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेन सहितको ७६ कि.मि. रहेको छ । आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेको छ । यस आयोजनाको हालसम्मको भौतिक प्रगति ११.११ प्रतिशत र वित्तीय प्रगति २९.५२ प्रतिशत पुगेको छ ।

## ५.२. वैदेशिक रोजगारी

प्रदेश नं. २ बाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरु विदेश गएका छन । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी वैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । यस प्रदेशबाट सबैभन्दा कम वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या पर्सा जिल्लामा रहेको छ । वैदेशिक रोजगारीको लागि यस प्रदेशबाट जाने संख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या ४५ हजार ७ सय १७ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि श्रम स्वीकृति लिने जम्मा संख्याको २७.४३ प्रतिशत हुन आउँछ । विगत वर्षहरुमा यस प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेहरु मुलुक भरिबाट स्वीकृत लिने जम्मा संख्याको औसतमा ४६ प्रतिशत रहने गरेको थियो । यस प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरु मध्ये करिब ९६.० प्रतिशत कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेशियामा कार्यरत छन् ।

**तालिका ५.१**
**प्रदेशबाट समीक्षा वर्षमा श्रम स्वीकृति लिएको संख्या (२०७८ असार मसान्तसम्म)**

| | प्रदेश २ स्थित ८ जिल्लाहरुको तथ्याङ्क | | | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| सि.नं. | जिल्ला | श्रमस्वीकृति संख्या | प्रतिशत | १,६६,६९८ |
| १ | सप्तरी | ४,०९४ | २.४६ | |
| २ | सिराहा | ९,८८८ | ५.९३ | |
| ३ | धनुषा | १२,६८९ | ७.६१ | |
| ४ | महोत्तरी | ८,१०८ | ४.८६ | |
| ५ | सर्लाही | ४,६५६ | २.७९ | |
| ६ | रौतहट | २,४९१ | १.४९ | |
| ७ | बारा | २,३६० | १.४२ | |
| ८ | पर्सा | १,४३१ | ०.८६ | |
| | **जम्मा** | **४५,७१७** | **२७.४३** | |

(स्रोत : श्रम विभाग, वार्षिक प्रतिवेदन २०७७/७८)

## ५.३ आन्तरिक रोजगारी

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ अनुसार कुल श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत, रोजगारी-जनसंख्या अनुपात ३४.२ प्रतिशत र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ। प्रदेश नं. २ मा श्रम शक्ति सहभागिता दर ३९.७ प्रतिशत, रोजगारी जनसंख्या अनुपात ३१.८ प्रतिशत र बेरोजगारी दर २०.१ प्रतिशत रहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार प्रदेश नं. २ मा सबैभन्दा बढी बेरोजगारी दर रहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७८ असार मसान्तसम्म १ लाख ७२ हजार ६ सय २ जना रोजगारीमा खटिएको संख्या मध्ये प्रदेश नं. २ मा १५ हजार २ सय १४ जना सो कार्यक्रममार्फत लाभान्वित भएका छन।

ठूलो संख्यामा रोजगारी सृजना गर्ने उद्देश्यका साथ ल्याइएको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत लक्षित वर्गलाई दिगो रोजगारी उपलब्ध गराई देशको उत्पादकत्व अभिवृद्धि गर्ने काम भने चुनौतीपूर्ण रहेको छ।

**तालिका ५.२ रोजगारीको स्थिति**

| प्रदेश नं. | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरिएको स्थानीय संख्या | आयोजना संख्या | रोजगारीमा खटिएका संख्या | रोजगारी प्रदान गरिएको दिन |
|---|---|---|---|---|---|
| २ | १३६ | ११४ | १,७०० | १५,२१४ | ६६ |

(स्रोत:- प्रधानमन्त्री रोजगार कार्यक्रम)

## ५.४ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ५.४.१ चुनौती

- यस क्षेत्रमा संचालनमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्नु।
- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी यस क्षेत्रलाई लगानीयोग्य प्रदेशको रुपमा विकास गर्नु चुनौतीपूर्ण रहेको छ।
- पूर्वधार क्षेत्रको विकासमा आउने समस्याहरु समाधान गर्न अन्तर-मन्त्रालय समन्वय कायम गर्ने र निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि गर्नु।
- सार्वजनिक-निजी-साझेदारी कार्यक्रम मार्फत ठूला पुर्वाधार तथा औद्योगिक क्षेत्रमा लगानी अभिवृद्धि गर्नु।
- रेलसेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा रेलसेवा सञ्चालन गर्नु चुनौती रहेको छ।

- प्रदेश तथा स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरुको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।

- सम्पन्न भएका विकास आयोजनाहरु समय समयमा मर्मत-सम्भार गरी आयोजनाको गुणस्तर कायम गर्नु ।

- उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगारी सृजना गर्नु ।

**५.४.२ सम्भावना**

- यो प्रदेश भौगोलिक हिसाबले समतल भू-भागमा अवस्थित रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक रुपमा कम लागत लाग्ने हुँदा कम लागतमा पूर्वधार क्षेत्रको विकास गर्न सक्ने पर्याप्त सम्भावना रहेको देखिन्छ ।

- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासलाई पूर्वाधार क्षेत्रको विकासमा प्रयोग गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- यस प्रदेशको भौगोलिक सुगमताको लाभ लिँदै पूर्वाधार क्षेत्रको विकास मार्फत पर्याप्त रोजगारी सृजना गर्नसक्ने सम्भावना रहेको छ ।

- कृषि पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

- पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।

- प्रदेश नं. २ मा सरकारी, गुठी र निजी स्वामित्वका समतल जग्गाहरु रहेकोले फुटबल मैदान, क्रिकेट मैदान आदि खेलकुद पूर्वाधारहरु तयार गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

# परिच्छेदः ६

# आर्थिक परिदृश्य

## ६.१ कृषि उत्पादन

यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको, कुल सिञ्चित क्षेत्रफलमा विस्तार भएको, रोपाई समयमा नै सम्पन्न भएको र यो वर्ष वर्षा समेत पर्याप्त मात्रामा भएकोले आगामी दिनमा कृषि उत्पादनमा वृद्धि हुने अनुमान विपरित वेमौसमी वर्षा र हावा हुरीको कारण धान बालीमा क्षति हुन गएको कारण अपेक्षित रुपमा कृषि उत्पादन नबढ्ने देखिन्छ । तथापि सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत यो प्रदेशलाई माछापालन र आँप खेतीको लागि सुपरजोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसान क्षमता विकास कार्यक्रम संचालन गरिने हँदा यस प्रदेशको कृषि क्षेत्रमा योगदान आउदो दिनमा क्रमशः बढ्दै जाने देखिन्छ ।

## ६.२ औद्योगिक उत्पादन

चालु आर्थिक वर्षभित्र सबै नेपालीहरुमा कोभिड-१९ विरुद्धको खोप पु¥याउने सरकारको लक्ष्य रहेको कारण बन्द रहेका र कम क्षमतामा संचालन रहेका उद्योगहरुको आगामी आर्थिक वर्षमा औद्योगिक गतिविधि विस्तार हुने कारण औद्योगिक उत्पादन बढ्न जाने देखिन्छ ।

## ६.३ सेवा क्षेत्र

चालु आर्थिक वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने देखिन्छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरु, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरु खुल्ने क्रम शुरु भएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रमा थप सुधार हुन जाने सम्भावना रहेको छ ।

## ६.४ पूर्वाधार क्षेत्र

चालु आर्थिक वर्षमा पूर्वाधार क्षेत्रको योगदान बढ्ने अनुमान रहेको छ । प्रदेश नं. २ का ५ जिल्लाहरुमा सिंचाईको विस्तार गर्ने नीति अनुरुप निर्माणाधीन सुनकोसी मरिन डाइभर्सन आयोजनाको जग्गा प्राप्ति र मुआव्जा वितरण सम्बन्धी कार्य सम्पन्न भएकोले आउँदा दिनमा यो आयोजनाको निर्माण कार्यले तीव्रता पाउने अनुमान गर्न सकिन्छ । त्यसैगरी, जयनगर–जनकपुर-वर्दिवास रेलमार्गको बाँकी खण्ड भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रिया अन्तिम चरणमा रहेकोले सो पश्चात यो आयोजनाको निर्माण कार्यले गति लिने अनुमान छ ।

प्रदेशभित्र स्थानीय तहहरुले विकास निर्माणका कार्यहरुमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स–साना आयोजनाहरु सम्पन्न हुने अनुमान छ । त्यसैगरी हुलाकी राजमार्ग निर्माणमा पछिल्लो समयमा सरकारको प्राथमिकतामा पर्दै गएको र स्थानीय निकायको जागरुकताको कारण आगामी वर्षहरुमा पूर्वाधार क्षेत्रको विस्तारमा प्रगति आउने अनुमान छ । स्थानीय तहमा अधिकार प्रत्यायोजन, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता जस्ता कारणले यस प्रदेशमा आगामी दिन पूर्वाधार निमार्णको गतिमा तीव्रता आउने अनुमान छ ।